# नेपाल उद्योग वाणिज्य महासंघ
# Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI पत्र संख्या : (१२६४)

२०७४/११/२६

श्री अध्यक्षज्यू, सबै जिल्ला/नगर उद्योग वाणिज्य संघहरू ।
श्री अध्यक्षज्यू, सबै बस्तुगत संघहरू ।
श्री अध्यक्षज्यू, सबै द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू ।

विषय: कदर सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक संघहरूले आफूले गरेका कार्यक्रमहरू मध्ये उत्कृष्ट कार्यक्रमको केशस्टडी बनाई पठाउने सम्बन्धमा ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघले विगत केही वर्ष देखि वार्षिक साधारण सभा तथा उद्योग वाणिज्य दिवसको अवसरमा आफ्नो सदस्य संघ/संस्थाहरू जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरू, बस्तुगत संघहरू एवं द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरूलाई कदर/सम्मान प्रदान गर्दै आएको महोदयमा विदितै छ । **यही चैत २८ गते हुने महासंघको ५२ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस**को अवसरमा विगत वर्षहरू झैं सदस्य संघ/संस्थाहरूलाई कदर/सम्मान प्रदान गर्ने कार्यक्रम रहेको छ ।

गत वर्षझैं यस वर्ष पनि  तल उल्लेखित क्षेत्रगत वर्गीकरण मध्ये कुनै एक क्षेत्रमा प्राप्त गरेको उपलब्धिलाई आधार मानी प्रतिस्पर्धाको आधारमा कदर सम्मानको लागि छनौट गर्ने व्यहोरा समेत जानकारी गराउदछु ।

**कार्यक्रमको क्षेत्रगत वर्गीकरण:**

१. संघको आयआर्जन र भौतिक संरचनाको विकास

२. उद्योग व्यापार सम्बन्धी विद्यमान समस्याहरूको निराकरण, उपलब्ध अवसरहरूको उपयोग तथा सार्वजनिक भौतिक संरचनाको विकास गर्ने क्रममा सम्बन्धित निकायहरूसँग गरिएको पैरवी

३. स्थानीय स्तरमा सामाजिक तथा आर्थिक विकास

४. संघको संगठनात्मक सुदृढीकरण र क्षमता विकास

५. उद्योग व्यवसाय क्षेत्रमा भएका लगानी प्रवर्द्धन सम्वन्धी गरेका कार्यहरू

६. व्यापार प्रवर्द्धन  सम्बन्धी गरेका कार्यहरू

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg.
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

अतः उक्त कदर/सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक सदस्य संघहरूले माथि उल्लेखित क्षेत्रगत वर्गीकरण मध्ये कुनै एक वर्गीकरण छनौट गरी यसै साथ संलग्न बुंदा अनुसारको केश स्टडी (Case Study) तयार गरी **यही २०७४ साल चैत ११ गते भित्र यस महासंघमा** आई पुग्ने गरी पठाई दिनु हुन सादर अनुरोध गर्दछु । केश स्टडी तयार कार्यको लागि सहयोगी हुने रूपरेखा (Guidelines) पनि जानकारीको लागि यसै साथ संलग्न गरी पठाएके छु । साथै यस सम्वन्धी थप जानकारी चाहिएमा **महासंघका सहायक निर्देशक श्री माधव मुल्मीलाई सम्पर्क** राख्न हुन समेत सादर अनुरोध गर्दछु ।

भवदीय,

( सुरेश मान श्रेष्ठ)
महासचिव

**बोधार्थ :**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरू, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू नेउवामहासंघ ।

## नेपाल उद्योग वाणिज्य महासंघ
## प्रतिस्पर्धात्मक केश स्टडी तयार गर्नको लागि सहयोगी रूपरेखा

| | | |
|---|---|---|
| १. | संघको संक्षिप्त परिचय | • नाम , पूरा ठेगाना, स्थापना मिति, सदस्य संख्या, सदस्यको वर्गीकरण<br>• वार्षिक बजेट, सचिवालय, जग्गा/भवन, कर्मचारी आदि |
| २. | कार्यक्रमको नाम (के) | • के काम/कार्यक्रम गरिएको हो सोको संक्षिप्त परिचय<br>• कार्यक्रम कुन वर्गीकरण भित्र पर्दछ ? |
| ३. | कार्यक्रमको आवश्यकता/औचित्य (किन) | • यो कार्यक्रमको छनोट किन गरियो ?<br>• यसको आवश्यकता के कारणले महसूस गरियो ?<br>• के कस्तो आवश्यकताको पहिचान गरियो, तिनका कारणहरू केही थिए कि ? |
| ४. | कार्यक्रम सञ्चालन विधि (कसरी) | • यो कार्य कसरी सुरूवात गरियो ?<br>• कस्तो नीति तथा कार्यक्रमको आवलम्बन गरियो ?<br>• कार्य कसरी सम्पन्न गरियो, के कस्तो गतिविधि कहिले कसरी सुरूवात गरियो र कहिले/कसरी सम्पन्न गरियो ?<br>• कस कसको सहयोग र सहभागिता जुटाइयो ?<br>• के कस्तो कति साधनहरूको परिचालन गरियो ? |
| ५. | लक्षित वर्ग (कसका लागि) | • यो कार्य कसको लागि लक्षित थियो ?<br>• यो लक्षित वर्गको छनौट गर्नुको कुनै कारण छ कि ?<br>• यसबाट त्यो लक्षित समूह कसरी लाभान्वित हुन्छ वा भई रहेको छ ? |
| ६. | अहिलेको अवस्था (के भयो त) | • कार्य सम्पन्न भई सकेपछिको अवस्था कस्तो छ ?<br>• कुन उद्देश्यले कार्य थालनी गरिएको थियो । के ती सबै उद्देश्यहरू प्राप्त भए ? कसरी प्राप्त भए ?<br>• पहिलेको अवस्था र अहिलेको अवस्थासंग कसरी तुलना गर्न सकिन्छ ?<br>• पहिलेको अवस्था र अहिलेको अवस्थाको मूलभुत फरक के छन् ? |
| ७. | फाईदा/असर (के उपलब्धि भयो ) | • यो कार्यको सफल कार्यान्वयन पछि निम्न बमोजिम कुन तहमा कसलाई कस्तो असर पर्‍यो?<br>  • संघलाई<br>  • संघको सदस्यहरूलाई<br>  • स्थानीय उद्योगी व्यवसायी समूदायलाई<br>  • समग्र स्थानीय समूदायलाई<br>  • स्थानीय तहमा<br>  • राष्ट्रिय तहमा<br>  • यसले पारेका तत्कालीन र दीर्घकालीन प्रभाव<br>  • प्रभाव/असर मूल्याङ्कनको तरिका |
| ८. | कसले के सिक्ने (के पाठ सिकियो?) | • यो कार्यबाट कसले के पाठ सिक्न सक्दछन् ?<br>• अरू संघहरूले पनि यस्तो कार्य गर्न सक्दछन् ?<br>• यो कार्य किन र कसरी अरू संघहरूको लागि पनि उपायोगी हुन सक्दछन् ? |

नेपाल उद्योग वाणिज्य महासंघ २०२२ नेपाल काठमाडौं

## नेपाल उद्योग वाणिज्य महासंघ

१. महासंघले आफना सदस्य संघहरू मध्येबाट विभिन्न आधारहरू छनोट गरी उत्कृष्ट पाएका संघहरूलाई गत २०५७ साल २४ औं वाषिंक साधारण सभा देखि कदर सम्मान प्रदान गर्ने कार्यको थालनी गरिएको हो । यस कार्यकम अन्तर्गत महासंघका सदस्य संघ जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरू, वस्तुगत संघहरू तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू मध्येका संघहरूलाई छनोट गरी सम्मानित गर्दै आएको हो ।

२. महासंघले संलग्न प्रतिस्पर्धात्मक केश स्टडी तयार गर्नका लागि सहयोगी रूपरेखा अनुसार सदस्य संघबाट पेश गरेको केश स्टडीको विवरणलाई आधार मानी प्रतिस्पर्धाका आधारमा कदर सम्मानका लागि छनोट गरिने छ ।

३. महासंघका सबै सदस्य संस्था, जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघले यो प्रतिस्पर्धामा भाग लिन सक्ने छन् ।

४. प्रतिस्पर्धामा भाग लिने सदस्यले आफूले सम्पन्न गरेका कार्यहरू मध्ये माथि उल्लेखित एउटा वर्गीकरणमा पर्ने कार्यक्रमको बारे मात्र केश स्टडी (Case Study) तयार गरी प्रस्तुत गर्नु पर्नेछ । एउटा संघले एउटै मात्र केश स्टडी प्रस्तुत गर्न सक्ने छन् ।

५. प्रतिस्पर्धाका लागि पेश गरिएको कार्यक्रम चालू अवस्थामा रहेको वा सम्पन्न भईसकेको कार्यक्रमको हकमा सो कार्यक्रमबाट सिर्जना भएको उपलब्धि /असर हालसम्म कायम रकेको हुनु पर्नेछ ।

६. केश स्टडी बढीमा १० पेजको हुनु पर्नेछ ।

७. प्रतिस्पर्धाका लागि प्रस्तुत भएका केश स्टडीहरूको मूलभूत रूपमा निम्न आधारमा मूल्याङ्कन गरिनेछ :

(१) कार्यक्रमको नौलोपन वा मौलिक पक्ष (Innovativeness)

(२) कार्यक्रमको लक्षित समूहको लागि सान्दर्भिकता

(३) यसले स्थानीय आर्थिक/सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान

(४) स्थानीय स्तरमा सृजना गर्न सकेको भौतिक संरचनाको विकास/विस्तार

(५) सम्बन्धित संघ, यसका सदस्य उद्योगी व्यवसायी र समग्र उद्योग व्यवसायमा परेको असर ।

(६) कार्यक्रमबाट निम्न क्षेत्रमा परेको प्रभाव :

- व्यवसायको विस्तार / रोजगारिको सिर्जना
- सदस्यहरूको सहभागिता
- संघको सदस्यतामा अभिवृद्धि
- संघको भौतिक संरचनाको अभिवृद्धि
- जनसहभागिता परिचालन

(७) अरू उद्योग वाणिज्य संघहरूले सफलतापूर्वक अनुशरण गर्न सक्ने सम्भावना ।

नेपाल उद्योग वाणिज्य महासंघ २०२२ नेपाल काठमाडौं